# ४४औ कार्यपालिका बैठकको निर्णय

प्रस्ताव तथा निर्णयहरुः

१. योजना सम्बन्धमा।
४. विविध।

निर्णय नं १.

(क)रुन्टीगढी गाउँपालिकामा उच्च शिक्षाका लागि क्याम्पस भवन निर्माण शिर्षकमा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत प्रारम्भिक चरणमा क्याम्पस निर्माणका लागि न्युनतम ८ रोपनी जग्गा निशुल्क वा दानमा प्राप्ति गर्नु पर्ने भएकोले होलेरी बजारलाई प्रमुख केन्द्र मानि तपसिल बमोजिमको चारकिल्ला निर्धारण गर्ने।

तपसिल

पूर्वः होलेरी बजारको पुर्वमा रहेको अगरुङ खोला
पश्चिमः प्युठानी डेरा टोल
उत्तरः चौखे खोला
दक्षिणः सरेचौर

(ख) नेपाल सरकार शहरी विकास मन्त्रालय सघन शहरी तथा भवन निर्माण आयोजना घोराही दाङबाट मिति २०८१।०४।०४ को योजना पहिचान तथा आवश्यक सहयोग सम्बन्धमा निम्न बमोजिमका योजनाहरु संचालन गर्नका लागि देहाय अनुसारको विवरण खुलाई पठाउने।

देहाय

| क स | कार्यक्रम | विनियोजित बजेट | छनौट गरिएको स्थान |
|---|---|---|---|
| १ | भानु आ.वि. पुर्वाधार निर्माण रुन्टीगढी ८ मगरगोरी | रु १,००,००,०००/- | विद्यालयको आफ्नै जग्गा भएको (मगरगोरी) |
| २ | हेमन्त आ.वि. पुर्वाधार निर्माण रुन्टीगढी ३ जुर | रु १,००,००,०००/- | विद्यालयको आफ्नै जग्गा भएको (जुर) |
| ३ | स्वर्गद्वारी प्रभु महाराजको १०० फिट अग्लो मुर्ति,शालिक निर्माण रुन्टीगढी ९ | रु १,००,००,०००/- | रुन्टी क्षेत्र वडा नं ९ |
| ४ | शहिदस्मृति बहुउद्देश्यीय सभाहल निर्माण | रु १,००,००,०००/- | होलेरी विद्युत प्राधिकरण नजिक रहेको फिल्ड |

निर्णय नं २

रुन्टीगढी गाउँपालिका शैक्षिक सुधार कार्ययोजना तथा निजि शिक्षक व्यवस्थापनका लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने।

तपसिल

श्री टेकलाल पुन संयोजक

श्री चेतलाल खत्री सदस्य

श्री गणेश गिरी सदस्य

श्री शिक्षा शाखा प्रमुख सदस्य-सचिव

**निर्णय नं ३**

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता र कमजोर आर्थिक अबस्थालाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिलः

| क सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | लोक बहादुर बुढा | रुन्टीगढी ६ रोल्पा | जिब्रोको क्यान्सर भई उपचाररत रहेको | रु.१६,०००/- |
| २ | दुजि भण्डारी | रुन्टीगढी ९ रोल्पा | श्रीमान विरामी भई उपचाररत रहेको | रु.५,०००/- |
| ३ | मन बहादुर पुन | रुन्टीगढी ४ रोल्पा | विद्युतको पोल अनलोड गर्ने क्रममा कामको चाप बढि मृगौलामा असर परि विरामी भएको | रु.२०,०००/- |

**निर्णय नं ४**

रुन्टीगढी गाउँपालिकामा विभिन्न व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा, तपसिल बमोजिमको आर्थिक सहयोग दिने।

तपसिलः

| क सं | नामथर | समस्या | रकम |
|---|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टि | आर्थिक सहयोग माग गरी निवेदन पेश गरेको | रु.१०,०००/- |

| | | | |
|---|---|---|---|
| २ | क्रान्तिकारी कम्युनिष्ट पार्टि | आर्थिक सहयोग माग गरी निवेदन पेश गरेको।(चुडामणि वली, खाता नं ०७२०५००५०१०४००१० कृषि विकास बैक) | रु.१५,०००/- |

निर्णय नं ५

रुन्टीगढी गाउँपालिकाको नाममा रहेको सवारी साधन नः प्रदेश ३-०१ ००२ झ ४९६८ दुर्घटना भई क्षति भएको हुँदा उक्त गाडि मर्मत गर्दा खर्च भएको रकम, पेश भई आएको विल अनुसार भुक्तानि दिने।

निर्णय नं ६

रुन्टीगढी गाउँपालिकामा बर्षाको समयमा बाढी पहिरोले बिग्रीएका सडकहरु गाउँपालिकाको डोजरले मात्र पहिरो सफाई गर्न नभ्याएको हुँदा गाउँपालिकामा रहेका अन्य डोजरहरुलाई समेत प्रयोग गरि इष्टिमेटका आधारमा तपसिलका सडक योजनाहरु सफाई गर्ने।

तपसिल

क) खर्से-प्युरी-सखि-पोखरधारा-सर्पाल-नारायणपुर-सखि-पलासेनि-साम्री-नारायणपुर-साम्रि-डाँडा देखि साम्रि गाउँ सम्म मोटरबाटो सरसफाई योजना